कार्यपालिका बैठक संख्या : १४१
बैठक मिति : २०८१/०३/१०
अध्यक्षता : नगर प्रमुख श्री हेमकर्ण पौडेल

निर्णय नं. १:

इटहरी उपमहानगरपालिकाको आगामी आ.व. २०८१।०८२ को कुल वजेट ३,५७,८४,५०,०००।०० (अक्षरेपी तीन अर्व सन्ताउन्न करोड चौरासी लाख पचास हजार रुपैया मात्र) सिमाभित्र रहेर वजेट निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

इटहरी उपमहानगरपालिकाको आगामी आ.व. २०८१।०८२ को नीति, कार्यक्रम तथा वजेट स्वीकृत गरी मिति २०८१ असार १० गते आव्हान भएको पन्धौं नगरसभाको वैठकमा प्रस्तुत गर्ने सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३:

इटहरी उपमहानगरपालिको अर्थ विधयेक, २०८१ र विनियोजन विधयेक, २०८१ स्वीकृत गरी पन्धौं नगरसभाको वैठकमा प्रस्तुत गर्ने सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

इटहरी उपमहानगरपालिकाको आगामी आ.व.२०८१।०८२ को नीति, कार्यक्रम तथा वजेट आज मिति २०८१।०३।१० गतेका दिन वस्ने १५ औं नगरसभाको वैठकमा वडा नं. ६ का वडा अध्यक्ष तथा यस इटहरी उपमहानगरपालिकाको प्रवक्ता श्री दिवश पोखरेललाई प्रस्तुत गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. ५:

नगर विकास कोषको च.नं. ११७८ मिति २०८१।१२।२१ गतेको पत्र प्राप्त भई नगरपालिकाको सूचना प्रणालीलाई एकिकृत रुपमा सञ्चालन गरी नगरपालिकाबाट नागरिकहरुलाई प्रदान गरिने नागरिक वडापत्रमा उल्लेखित सम्पूर्ण सेवाहरु उपलब्ध गराई नगरपालिकाको दैनिक सेवा प्रवाहलाई नागरिक र स्थानीय सरकार विच प्रविधि मैत्री वनाई छिटो, छरितो र पारदर्शी वनाउने उदेश्यले यस प्रणालीलाई यस इटहरी उपमहानगरपालिकाले कार्यान्वयन गर्न इच्छुक रहेको भनि च.नं.८५८३ मिति २०८१।१।२३ गते यस इटहरी उपमहानगरपालिकाले नगर विकास कोषलाई गरेको पत्रचारलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

वि.सं. २०३२ सालमा करिव ०-०-१९ धुर जग्गामा तत्कालिन समयको वस्ती र जनसंख्यालाई मध्यनजर गर्दै प्रहरी चौकी स्थापना भई संचालन भएकोमा हाल इटहरी उपमहानगरपालिका तिव्ररुपमा शहरीकरण भएको, बढ्दो जनघनत्वको कारणले समाजमा घट्ने विभिन्न किसिमका अपराधिक घटनाहरुको रोकथाम, अपराध नियन्त्रण तथा अनुसन्धान गरी शान्तिसुरक्षा, अमनचयन कायम राख्नका लागि हालको कार्यालय साँघुरो र अपर्याप्त भएको अवस्था छ । तत्कालिन प्रहरी चौकीको स्तरोन्नती भई इलाका प्रहरी कार्यालय, इटहरीमा हाल प्रहरी नायव उपरीक्षकको नेतृत्वमा १६१ जनाको दरवन्दी रहेकोमा हालको कार्यालय भवन, ब्यारेक, भान्साघर, शौचालय तथा हिरासत कक्ष जीर्ण अवस्थामा रहेको, पर्याप्त प्राङ्गणको समेत अभांव भई शान्ती सुरक्षा अमनचयन तथा अपराध रोकथाम र नियन्त्रण कायम गर्नका लागि सुविधा सम्पन्न इलाका प्रहरी कार्यालयको भवन निर्माण गर्न पर्याप्त जग्गाको आवश्यकता पर्ने भएकाले इटहरी उपमहानगरपालिका हाल वडा नं.९ स्थित जुट विकास कार्यक्रमको नाममा दर्ता कायम रहेको नापी कार्यालय, सुनसरी, इनरुवावाट जारी भएको नक्सा सिट नं.८(क) कि.नं. १२८, १२६, १२४, १२२ र ११८ को एकमुष्ट जम्मा क्षेत्रफल ८०९२.१४ बर्गमिटर जग्गा इलाका प्रहरी कार्यालय इटहरीको भवन निर्माणका लागि उपलब्ध गराई दिनका निम्ति सम्वन्धित निकाय मार्फत नेपाल सरकारमा सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।